


# शीतलहर

# पूर्वकार्य कार्ययोजना

# २०७९

नरैनापुर गाउँपालिका, बाँके

सामाजिक विकास मञ्च
बाँके

Save the Children

# विषय सूची


१. परिचय
२. उद्देश्य
३. मुख्य कार्यान्वयन कर्ता
४. जोखिम विश्लेषण
५. ट्रिगर
६. शीतहलर पूर्वकार्यको छनौट
७. लाभग्राही छनौट र दर्ता
८. पूर्वकार्य कार्यान्वयन प्रकृया
९. गुनासो व्यवस्थापन संयन्त्र
१०. लागत तथा बजेट व्यवस्थापन

## १. परिचय

यो शीतलहर पूर्वकार्य कार्ययोजना नरैनापुर गाउँपलिकामा शीतलहर पूर्वानुमानमा आधारित पूर्वकार्य कार्यान्वयनको लागि तयार गरिएको हो । यसमा शीतलहरको जोखिम विश्लेषण, ट्रिगर, पूर्वकार्यहरुको सूची, पूर्वसहमत लाभग्राहीहरुको सूची, कार्यान्वनय प्रकृया, अनुमानित लागत, अनुगमन तथा मुल्याङ्कन प्रकृया र मुख्य कार्यान्वयनकर्ताहरु समावेश गरिएको छ ।

नरैनापुर गाउँपालिकाको अधिकांश क्षेत्र लुम्बिनि प्रदेश, बाँके जिल्लाको उत्तर भावर क्षेत्रमा अवस्थित छ । यो गाउँपालिकामा छ वटा वडा रहेका छन् । यस गाउँपालिकाको कुल क्षेत्रफल १७२.३४ वर्ग कि.मि रहेको भने २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यो गाउँपालिकामा ३४९४२ जनसंख्या रहेको छ ।

## २. उद्देश्य

यस शीतलहर पूर्वकार्य कार्ययोजनाको मुख्य उद्देश्य शितलहर पूर्वानुमान र उपलब्ध समयको आधारमा नरैनापुर गाउँपालिकामा शीतलहरको प्रभाव तथा असर मानिस, पशुपंक्षी तथा बालीनालीमा पूर्णरुपमा पर्नु भन्दा अगावै न्यूनीकरण गर्नु रहेको छ ।

## ३. मुख्य कार्यान्वयन कर्ता

### नरैनापुर गाउँपलिका

यस शीतलहर पूर्वकार्य कार्ययोजनाको मुख्य कार्यान्वयनकर्ता नरैनापुर गाउँपालिका रहने छ । स्थानीय विपद् व्यवस्थापन ऐन र सोसँग सम्बन्धित नीतिगत व्यवस्था एवं स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएको विपद् व्यवस्थापन सम्बन्धि संयुक्त एवं एकल अधिकारलाई प्रयोग गर्दै नरैनापुर गाउँपालिकाले यस कार्ययोजना स्वीकृत गरी कार्यान्वयनकर्ताको मुख्य जिम्मेवारी लिएको छ ।

### सेभ द चिल्ड्रेन

यस शीतलहर अग्रीम प्रतिकार्य कार्ययोजनाको मुख्य सहयोगीको रुपमा सेभ द चिल्ड्रेन रहने छ । सेभ द चिल्ड्रेन, नेपाल सरकारको विकास साझेदार संस्था हो जसले विकास र विपद्सँग सम्बन्धित दुबै काम गर्ने अधिकार पाएको छ र हाल नरैनापुर गाउँपालिकामा शीतलहर लगायत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनसँग सम्बन्धित परियोजनाको साझेदारको रुपमा काम गरिरहेको छ ।

### सामाजिक विकास मञ्च

सेभ द चिल्ड्रेनको साझेदार संस्थाको रुपमा सामाजिक विकास मञ्च, बाँके यस शीतलहर पूर्वकार्य कार्ययोजनाको सहायक कर्यान्वयनकर्ताको रुपमा रहने छ । नरैनापुर गाउँपालिकासँग नियमित सहकार्य गरेर कार्ययोजना कार्यान्यन गर्नु सामाजिक विकास मञ्चको जिम्मेवारी रहने छ ।

### नेपाल रेडक्रस सोसाइटी, नरैनापुर उपशाखा

मानवीय संस्थाको रुपमा नेपाल रेडक्रस सोसाइटी नरैनापुर उपशाखा यस शीतलहर पूर्वकार्य कार्ययोजना कार्यान्वयनको हिस्सा रहने छ । स्थानीय तहले आवश्यकता बमोजिम नेपाल रेडक्रस नरैनापुर उपशाखासँग समन्वय र सहकार्य गर्नेछ ।

## ४. जोखिम विश्लेषण

### ४.१ प्रकोप छनौट

नेपालको दक्षिणी भेगमा रहेको समथल भूभागहरुमा पश्चिमी न्यून चापीय प्रणलीले मौसममा पार्ने प्रभावका कारणले गर्दा हिउँदे याममा बर्षेनि शीतलहरको जोखिममा रहने भएकोले यो गाउँपालिका पनि शीतलहरको जोखिममा रहेको छ । नरैनापुर गाउँपालिकाले हाल समेटेको भौगोलिक क्षेत्रलाई आधार बनाएर विश्लेषण गर्दा बिगत ३० वर्षमा शीतलहरको घटनाहरु निम्नानुसार रहेको पाइन्छ ।


| साल | शितलहरको अवधि |
|---|---|
| २०७७ | केहि दिन |
| २०७४ | १०-१५ दिन |
| २०७३ | १०-१५ दिन |
| २०७१ | केहि दिन |

| | |
|---|---|
| २०६९ | १०-१५ दिन |
| २०६६ | केहि दिन |
| २०६२ | केहि दिन |
| २०६० | केहि दिन |
| २०५५ | ९० दिन सबै भन्दा धेरै |

माथि उल्लेखित तथ्याङ्क तथा जानकारी बमोजिम नरैनापुर गाउँपालिका शीतलहरको जोखिममा रहेको देखिन्छ ।

## ४.२ प्रकोप प्रभावित स्थान

नरैनापुर गाउँपालिकाको सबैजसो भागहरु नेपालको दक्षिणी समथर भूभागमा पर्ने भएकोले गाउँपालिकाको पूरै क्षेत्र शीतलहरको जोखिम क्षेत्रभित्र रहने देखिन्छ ।




## ४.३ क्षेत्रगत असर

नरैनापुर गाउँपालिकामा शीतलहरले विशेषत मानिस, पशुपंक्षी र बालीनालीमा निम्नानुसारको मुख्य असरहरु गरिरहेको पाइन्छ ।

***मानिसमा पर्न सक्ने असर:***

| | |
|---|---|
| जेष्ठ नागरिक ८० वर्ष भन्दा माथि | श्वास प्रश्वास जन्य रोग, नसा सम्बन्धि, मृत्यु हुन सक्ने, आर्थिक क्षति |
| बलबालिका ५ वर्ष भन्दा मुनि | पखाला, आँउ, चिसोबाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट वञ्चित, कुपोषण, हिडडुलमा समस्या |
| अपाङ्गता भएका व्यक्ति | पखाला, आँउ, चिसोबाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट वान्चित, कुपोषण, हिडडुलमा समस्या |
| गर्भवती महिला | पोषणजन्य खानाको अभाव, चिसोले बेहोस हुने, शरिर दुख्ने |
| सुत्केरी | चिसो जन्य रोग, सरसफाईमा समस्या |
| दिर्घरोगी | उपचारमा समस्या, रोग जटिलता हुने, मृत्यु हुन सक्ने |
| गरिब तथा विपन्न | कठाङ्ग्रिने, चिसोबाट मृत्यु हुने |
| ज्यालादारी मजदुर | काम गुम्ने सम्भावना |
| विद्यालय जाने उमेरका बालबालिका | विद्यालय बन्द हुनाले पढाई प्रभावित हुने |

***पशुपंक्षीमा पर्न सक्ने असर:***

| | |
|---|---|
| कुखुरा | विरामी हुने र मर्ने |
| बाख्रा | कठाङ्गिने, चिसोबाट मृत्यु हुने |

***बालिनालिमा पर्न सक्ने असर:***

| | |
|---|---|
| आलु | ढुसी लाग्ने र मर्ने |
| तोरी | चिसोले गर्दा मर्ने |
| गोलभेडा | ढुसी लाग्ने र मर्ने |

## ४.४ संकटासन्नता

शीललहरको कारणले नरैनापुर गाउँपालिका मानिसमा परेको असरलाई विश्लेषण गर्दा प्रभाव न्यूनीकरणको सन्दर्भमा निम्नानुसारको पहिलो पाँच समूह प्राथमिककरण गर्न सकिने देखिन्छ ।

१. ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिक
२. सुत्केरी महिला
३. पाँच बर्ष मुनिका बालिकालिका
४. जटिल प्रकृतिका रोगका उपचार गराइरहेका व्यक्तिहरु
५. पूर्ण अपाङ्गता भएका व्यक्तिहरु
६. गरिव तथा विपन्न वर्गहरु

## ५. ट्रिगर

शीतलहर सम्बन्धि ट्रिगरलाई दुई चरणमा विभाजन गरिएको छ ।

### ५.१ तत्परता चरण

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको नेपालगञ्ज विमानस्थमा अवस्थित स्वचालित मौसम केन्द्रको तथ्याङ्कले दैनिक औसत अधिकतम तापक्रम गत बीस बर्षको तथ्याङ्को विश्लेषण बमोजिम १० औ प्रतिशतक (१६.५ डिग्री सेल्सियस) भन्दा कम, र मौसम पूर्वानुमान बुलेटिनले लुम्बिनी प्रदेश वा नेपालगञ्ज क्षेत्रमा आगामी दिनमा  अधिकतम तापक्रम घट्दै जाने देखाएमा पूर्वतयारीसँग सम्बन्धित कार्यलाई पुनरावलोकन गरि तत्परता चरणमा प्रवेश गर्ने छ ।

वा

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको नेपालगञ्ज विमानस्थमा अवस्थित स्वचालित मौसम केन्द्रको तथ्याङ्कले दैनिक औसत न्यूनतम तापक्रम गत विस बर्षको तथ्याङ्को विश्लेषण बमोजिम १० औ प्रतिशतक (५.४ डिग्री सेल्सियस) भन्दा कम, र मौसम पूर्वानुमान बुलेटिनले लुम्बिनि प्रदेश वा नेपालगञ्ज क्षेत्रमा आगामी दिनमा न्यूनतम तापक्रम थप घट्दै जाने देखाएमा पूर्वतयारीसँग सम्बन्धित कार्यलाई पुनरावलोकन गरि तत्परता चरणमा प्रवेश गर्ने छ ।

## ५.२ सक्रियता चरण

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको नेपालगञ्ज विमानस्थमा अवस्थित स्वचालित मौसम केन्द्रको तथ्याङ्कले दैनिक औसत तापक्रम गत विस बर्षको तथ्याङ्कको विश्लेषण बमोजिम ५ औ प्रतिशतकमा अधिकतम तापक्रम १३.८ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ४.५ डिग्री सेल्सियस भन्दा कम, र मौसम पूर्वानुमान बुलेटिनले लुम्बिनि प्रदेश वा नेपालगञ्ज क्षेत्रमा आगामी दिनमा अधिकतम तापक्रम लगातार दुई दिन वा सो भन्दा बढी समयसम्म घट्दै जाने देखाएमा सक्रियता चरणमा शुरु हुनेछ ।

# ६. शीतहलर पूर्वकार्यको छनौट

## ६.१ पूर्वकार्यको छनौट प्रकृया

### १. कार्यशाला

नरैनापुर गाउँपालिकामा शीतलहर पूर्वकार्य छनौटको लागि गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु, स्थानीय विपद् व्यवस्थापन समिति तथा सम्बन्धित सबै कर्मचारीहरु, नेपाल रेडक्रस सोसाइटी नरैनापुर उपशाखा, सेभ द चिल्ड्रेन र सामाजिक विकास मञ्च बाँकेका पदाधिकारीहरु सम्मिलित दुई दिने कार्यशाला आयोजना गरिएको थियो । सो कार्यशालामा विशेष गरि नरैनापुर गाउँपलिकामा शितलहरको विगत ३० बर्षको ऐतिहासिक समय रेखा र प्रभाव तथा अभ्यास गरिएका प्रतिकार्यहरु र ती प्रतिकार्यहरु मध्ये यदि मौसम पूर्वानुमान उपलब्ध भएको अवस्थामा कस्ता कस्ता पूर्वकार्यहरु गर्न सकिन्छ र प्रभावितहरुमध्ये प्राथमिकिकरण गर्नु परेमा कसरी र कसलाई गर्न सकिन्छ भनि छलफल गरिएको थियो । साथै शीतलहर पूर्वकार्य कार्ययोजना तयार गर्न तथा मूर्त रुप दिनको लागि एक कार्यदल गठन गरिएको थियो ।

कार्यशालामा छलफल भए बमोजिम नरैनापुर गाउँपालिकाले विगत वर्षहरुमा शीतलहरमा अभ्यास गरिआएका प्रतिकार्यहरु :

- जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण
- दाउरा व्यवस्थापन तथा वितरण
- गर्भवती महिलाहरुलाई पोषिलो खाने कुरा वितरण
- सुत्केरी तथा बालबालिकालाई न्यानो झोला वितरण
- जनचेतनामूलक सूचना समाग्री प्रकाशन प्रशारण
- ८० बर्ष माथिको नागरिकलाई घर घरमा स्वास्थ्य परिक्षण

## ६.२ शीतलहर पूर्वकार्य कार्ययोजना मस्यौदा तयार

सेभ द चिल्ड्रेनको प्राविधिक सहयोगमा कार्यशालामा निर्णय भए बमोजिमको कार्यदलले शीतलहर पूर्वकार्य कार्ययोजना तयार गरि स्थानीय विपद व्यवस्थापन समिति समक्ष पेश गरेको थियो ।

## ६.३ कृत्रिम घटना अभ्यास

स्थानीय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम मस्यौदा कार्ययोजनाको परीक्षण गर्नको लागि शीतलहरमा आधारित कृत्रिम घटना अभ्यास गरिएको थियो । उक्त अभ्यासमा यस कार्ययोजनामा उल्लेखित गतिविधीहरुको प्रयोग गरी यसको समीक्षा गरिएको थियो । उक्त अभ्यास पश्चात यसमा देखिएका सकारात्मक पक्ष र सुधार गर्नु पर्ने पक्ष तथा खाडलहरु पहिचान गरी आवश्यक संसोधन गरि स्थानीय विपद् व्यवस्थापन समितिले मूर्त रुप दिएको थियो ।

## ६.४ कार्यपालिकाको बैठकमा छलफल र स्वीकृत

यस कार्ययोजनालाई स्थानीय विपद् व्यवस्थापन समिति र कार्यपालिकाको बैठकमा आवश्यक छलफल गरी स्वीकृत गरियो ।

## ६.५ छनौट गरिएका पूर्वकार्यहरु

यदि शीतलहरसँग सम्बन्धित पूर्वकार्यहरु गर्नुपरेमा पूर्वकार्यका प्रकारहरु र लाभग्राहीहरु निम्न अनुसार रहेका छन् ।

### *६.५.१ शीतलहरबाट कसरी बच्ने र बालिनाली र पशुपंक्षीलाई कसरी बचाउने भन्ने जानकारीसहितको सूचना संप्रेषण*

शीतलहर पूर्वानुमान तत्परता चरणमा प्रवेश गरेमा शीतलहरबाट कसरी बच्ने भन्ने जानकारीसहितको सूचना संप्रेषण शुरु गरिने छ । यसरी सूचना संप्रेषण गर्दा मौसम पूर्वानुमानमा भएको सन्देश र नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा मातहतका निकायहरुले जारी गरेको सूचनालाई आधार मान्नु पर्नेछ । सूचना स्रम्प्रेषण गर्दा मानिसमा पर्ने असरका साथसाथै पशुपंक्षी र बालीनालीमा पर्ने असरहरु न्यूनिकरण गर्ने सूचना समेत सम्प्रेषण गरिने छ । सूचना स्थानीय रेडियो, टेलिभिजन, माइकिङ, संयन्त्र, पर्चा, मोबाईल म्यासेज (एस एम एस वा भ्वाइस) आदि माध्यमबाट संप्रेषण गरिने छ ।

### *६.५.२ शीतलहरबाट अति जोखिममा रहेका व्यक्तिहरुको स्वास्थ्य परीक्षण*

शीतलहर पूर्वानुमान तत्परता चरणमा प्रवेश गरेमा अति जोखिम र संकटासन्न अवस्थामा रहेका व्यक्तिहरु जस्तै, उदाहरणको लागि ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, २ बर्ष भन्दा मुनीका दलित बालबालिका, ६ महिना भित्रका सुत्केरी, जटिल प्रकृतिका रोगका उपचार गराइरहेका व्यक्तिहरु र क बर्गको अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य शिविर आयोजना गरेर वा आवश्यक भएमा घरघरमा गएर स्वास्थ्य परीक्षण कार्यक्रम गरिने छ ।

### *६.५.३ जेष्ठ नागरिक, बालबालिका र सुत्केरीलाई न्यानो कपडा वितरण*

शीतलहर पूर्वानुमान सक्रियता चरणमा प्रवेश गरेमा ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, ६ बर्ष भन्दा मुनीका बालबालिका तथा सुत्केरीहरुलाई न्यानो कपडा वितरण गरिने छ ।

### *६.५.४ नगद वितरण*

शीतलहर पूर्वानुमान सक्रियता चरणमा प्रवेश गरेमा ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, २ बर्ष भन्दा मुनिका दलित बालबालिका, जटिल प्रकृतिका रोगका उपचार गराइरहेका व्यक्तिहरु र क बर्गको अपाङ्गता भएका व्यक्तिलाई नगद सहायता गरिने छ । नगद सहायता रकम रु २०००। प्रतिव्यक्ति हुनेछ ।

## ६.६ यदि मौसम पूर्वानुमानले बताए बमोजिम मौसमी अवस्था नभएको सन्दर्भमा पनि छनौट गरिएका पूर्वकार्यहरु कार्यान्वयन पश्चात के फाइदा वा घाटा पुग्न सक्दछ भन्ने विश्लेषण

शीतलहरको सन्दर्भमा थोरै तापक्रम घटीबढी हँदासमेत अति जोखिम तथा संकटासन्ना अवस्थामा रहेका व्यक्ति, पशुपंक्षी र बालीनालीमा लगभग उस्तै उस्तै प्रकारको असर पर्ने हुँदा पूर्वकार्यहरु जस्तैः सूचना संप्रेषण, स्वास्थ्य उपचार, न्यानो कपडा वितरण र नगद वितरणले केहिपनि नकारात्मक असर नगर्ने देखिएकोले कुनैपनि प्रकारको पश्चताप हुने छैन ।

# ७. लाभग्राही छनौट र दर्ता

नरैनापुर गाउँपलिकामा शीतलहर पूर्वकार्यको लागि लाभग्राही छनौटको आधार कार्यशालाले प्राथमिकिकरण गरेबमोजिम निम्नानुसार हुनेछ ।

कार्यशालाले प्राथमिकिकरण गरेका अतिसंकटासन्न बर्गका लाभग्राही निम्न अनुसार रहेका छन् ।

1. ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिक

२. २ बर्ष भन्दा मुनीका दलित बालबालिका
३. ६ महिना भित्रका सुत्केरी
४. जटिल प्रकृतिका रोगका उपचार गराइरहेका व्यक्तिहरु र
५. क बर्गको अपाङ्गता भएका व्यक्तिहरु

## ७.१ लाभग्राही दर्ता प्रकृया

### *७.१.१ तत्परता चरणमा प्रवेश गर्नुभन्दा अगाडी*

नेपालको शीतलहर शुरुहुने मौसमी पात्रो अनुसार अंग्रेजी क्यालेण्डर अनुसार डिसेम्बर महिना अगावै स्थानीय विपद् व्यवस्थापन शाखाले उपलब्ध सामाजिक सुरक्षा भत्ता कार्यक्रमको तथ्याङ्क, जटिल प्रकृतिका रोगका उपचार गराइरहेका व्यक्तिहरुको तथ्याङ्, स्वास्थ्य शाखाबाट प्राप्त तथ्यांक, महिला बालबालिका शाखा जस्ता सम्बन्धित विषयगत शाखाहरुबाट प्राप्त तथ्यांकहरुलाई आधार मानि लाभग्राही दर्ता गरिने छ ।

### *७.१.२ तत्परता चरणमा प्रवेश गरेपश्चात*

स्थानीय विपद् व्यवस्थापन शाखाले उपलब्ध सामाजिक सुरक्षा भत्ता कार्यक्रमको अध्यावधिक तथ्याङ्कले पहिलाको तथ्याङ्कलाई प्रतिस्थापन गरिने, जटिल प्रकृतिका रोगका उपचार गराइरहेका व्यक्तिहरुको तथ्याङ्कलाई अध्यावधिक गरिने र स्थानीय स्वास्थ्य संस्थाबाट र स्थानीय पञ्जीकरण शाखाबाट जन्मदर्ताको तथ्याङ्कलाई आधार मानि ६ महिना भित्रका सुत्केरीको नामावली अध्यावधिक गरिने छ ।

# ८. पूर्वकार्य कार्यान्वयन प्रकृया

## ८.१ पूर्वतयारी

शीतलहर पूर्वकार्य प्रभावकारी कार्यान्वयनको लागि तयारी चरणको भूमिका महत्वपूर्ण हुने भएकाले स्थानीय विपद् व्यवस्थापन समितिले निम्न बमोजिमको तयारी चरण अवलम्बन गरेको छ ।

- कार्यदलबाट शीतलहर पूर्वकार्य कार्ययोजना मस्यौदा तयारी
- शीतलहरसँग सम्बन्धित कृत्रिम घटना अभ्यास
- कार्यपालिकाबाट निर्णय
- तथ्याङ्क विश्लेषण र लाभग्राहीको पूर्व दर्ता
- सूचना पूर्वकार्य सम्बन्धि सम्पूर्ण तयारी कार्य

- न्यानो कपडा वितरण पूर्वकार्य सम्बन्धि सम्पूर्ण तयारी कार्य
- नगद वितरण पूर्वकार्य सम्बन्धि सम्पूर्ण तयारी कार्य
- सामाजिक सुरक्षा बैंक खाता प्रयोगको लागि तयारी कार्य
- सरोकारवाला निकायहरु जस्तै नेपाल प्रहरी, वन, राष्ट्रिय निकुञ्ज, स्थानीय संघसंस्थाहरु, रेडक्रस आदि संग समन्वय र सहकार्य गर्ने ।

## ८.२ कार्यान्वयन

**तत्परता चरण**

तत्परता चरणमा प्रवेश पश्चात स्थानीय विपद् व्यवस्थापन समितिले सेभ द चिल्ड्रेन, सामाजिक विकास मञ्च र नेपाल रेडक्रस सोसाइटी नरैनापुर उपशाखाको सहयोगमा तोकिएका निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गर्नेछ।

- तयारी चरणमा तोकिएका सबै कार्यहरु रुजु गर्ने र यदि सम्पन्न नभएको अवस्थामा सबै कार्यहरु सम्पन्न गर्ने
- शीतलहरबाट मानिसहरु कसरी बच्ने, बालीनाली र पशुपंक्षीलाई कसरी बचाउने भन्ने जानकारीसहितको सूचना संप्रेषण गर्ने
- लाभग्राहीको तथ्याङ्क अध्यावधिक गर्ने
- सक्रियता चरण अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि सबै तयारी गर्ने

**सक्रियता चरण**

सक्रियता चरणमा प्रवेश गरे पश्चात स्थानीय विपद् व्यवस्थापन समितिले सेभ द चिल्ड्रेन, सामाजिक विकास मञ्च बाँके र नेपाल रेडक्रस सोसाइटी नरैनापुर उपशाखाको सहयोगमा तोकिएका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

- शीतलहरबाट मानिसहरु कसरी बच्ने, बालीनाली र पशुपंक्षीलाई कसरी बचाउने भन्ने जानकारीसहितको सूचना संप्रेषणलाई निरन्तरता दिने
- कृषि तथा पशुपंक्षी बचाउनको लागि आवश्यक कार्य गर्ने
- शीतलहरबाट अति जोखिममा रहेका व्यक्तिहरुको स्वास्थ्य परीक्षण
- जेष्ठ नागरिक, बालबालिका र सुत्केरीलाई न्यानो कपडा वितरण
- नगद वितरण

*नोटः नगद तथा सामग्री वितरण गर्नको लागि पालिकाले आफ्नो विपद् कोषमा उपलब्ध वा विनियोजित बजेटबाट सामग्री खरिद गर्नेछ भने अपुग सामग्री र नगद सहायताको लागि सेभ द चिल्ड्रेन, सामाजिक विकास मञ्च, बाँके, रेडक्रस र स्थानीय संघसंस्थासंग समन्वय र सहकार्य गर्नेछ ।*

## ८.३ अनुगमन तथा मुल्याङ्कन

नरैनापुर गाउँपलिकामा शीतलहर पूर्वकार्यको सन्दर्भमा अनुगमन तथा मुल्याङ्कन दुई चरणमा गरिने छ ।

१. तुरुन्तै, पूर्वकार्यको कार्यान्वयन अनुगमन
२. ३,४ हप्ता पछाडी वितरण पश्चातको अनुगमन
३. ३, ४ हप्ता पछाडी पूर्वकार्यको प्रभाव मुल्याङ्कन

## ९.गुनासो व्यवस्थापन संयन्त्र

यस शीतलहर पूर्वकार्य कार्ययोजना कार्यान्वयनको सन्दर्भमा आउन सक्ने गुनासाहरुको व्यवस्थपनको लागि स्थानीय तहको गुनासो व्यवस्थापन संयन्त्र लाई प्रभावकारी रुपमा प्रयोगमा ल्याइने छ । यसको अलवा सेभ द चिल्ड्रेन र सामाजिक विकास मञ्च, बाँकेको गुनासो सुनवाई संयन्त्रलाईपनि प्रयोगमा ल्याइने छ ।

## १०. लागत तथा बजेट व्यवस्थापन

| क्र. स. | शिर्षक | अनुमानित लागत | जिम्मेवारी | |
|---|---|---|---|---|
| | | | स्थानीय तह | सेभ द चिल्ड्रेन |
| १ | शीतलहर पूर्वकार्य कार्ययोजना निर्माण कार्यशाला | १८००००। | | १८००००। |
| २ | कृत्रिम घटना अभ्यास | १५००००। | | १५००००। |
| ३ | शीतलहर पूर्वकार्य कार्ययोजना कार्यान्वयन | २५०००००। | ६०००००। | ३१०००००। |
| | **जम्मा** | **२८३००००।** | **६०००००।** | **३४३००००।** |

**स्वीकृत मितिः २०७९।०९।२९**